वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २८८ | २०८२ फागुन २५ गते सोमबार, नेपाल सम्वत् ११४६ March 09, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## हरियो मकैको व्यापार

तनहुँको दमौलीस्थित प्रशासन चोकमा हरियो मकै पोल्दै एक महिला । चितवनबाट ल्याइएको हरियो मकै यहाँ पोलेर प्रति गोटा ५० रुपैयाँमा बिक्री वितरण हुने गरेको छ ।

*तस्बिर : भञ्ज्याङ*

# प्रधानमन्त्रीसमक्ष छानबिन आयोगको प्रतिवेदन पेस, प्रतिवेदन कार्यान्वयन हुने

## केही व्यक्तिलाई फौजदारी कारबाहीको सिफारिस

भञ्ज्याङ समाचारदाता/काठमाडौं

प्रधानमन्त्री सुशीला कार्कीसमक्ष भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगले एक हजार पृष्ठको प्रतिवेदन प्रस्तुत गरेको छ । पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगमा नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी सदस्य थिए ।

प्रधानमन्त्रीसमक्ष प्रतिवेदन पेस गरेपछि आयोगका सदस्य शर्माले करिब २०० जनालाई सोधपुछ गरिएको र विज्ञहरूसँग पनि राय लिएर तयार गरिएको प्रतिवेदनमा दोषीमाथि कारबाहीको सिफारिस गरिएको जानकारी दिए ।

आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले आफूहरूले इमानदारीसाथ काम गरेको र बिनाकुनै पूर्वाग्रह जे देख्यो त्यही कुरा प्रतिवेदनमा राखेको जानकारी दिए । भविष्यमा यस्तो घटना नहोस् भनेर सुझाव पनि प्रतिवेदनमा राखेको उनले बताए ।

उनले भने, "कुशासनका कारण यो घटना भएको छ । नियमनकारी निकायहरूलाई विकृत पारिएको छ। न्यायपालिका, कार्यपालिका सबैतिर ढिलासुस्ती छ। न्यायाधीशदेखि संवैधानिक नियुक्तिसमेत दलीय भागबण्डामा गर्ने प्रवृत्तिले आक्रोश बढेको पाइएको छ । यो प्रतिवेदन कार्यान्वयन भएमा देशको मुहार फेरिन्छ ।"



आयोगका सदस्य विज्ञानराज शर्माले यो प्रतिवेदन जाँचबुझ मात्र भएकाले अब कारबाही गर्ने निकायले अनुसन्धान गर्नुपर्ने र यसमा अनुसन्धानका लागि आधार तयार गरिदिएको बताए । अर्का सदस्य विश्वेश्वर भण्डारीले सुशासनका लागि के गर्ने भन्ने विषयमा प्रतिवेदनले उल्लेख गरेका कुरा कार्यान्वयन गर्न सके मुलुकको अवस्था धेरै फेरिन सक्ने बताए ।

**जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन हुने**

यस्तै, प्रधानमन्त्री सुशीला कार्कीले भदौ २३ र २४ को घटना जाँचबुझ आयोगबाट प्राप्त प्रतिवेदन कार्यान्वयनको प्रक्रियामा लगिने बताएकी छन् । उक्त आयोगको प्रतिवेदन ग्रहण गरेपछि उनले त्यसलाई अब आफू र गृहमन्त्रीले अध्ययन गरी मन्त्रिपरिषद्मा पेस गर्ने बताइन् ।

प्रधानमन्त्रीले प्रतिवेदन अध्ययन गरी कार्यान्वयको प्रक्रिया अघि बढाउने र त्यसलाई आवश्यकतानुसार सार्वजनिक पनि गर्ने बताइन् । उनले भनिन्, "सार्वजनिक गर्ने कुरामा पनि हामी छलफल गर्छौं यसको विवरण हेरेर पूरै दस्तावेज तत्कालै सार्वजनिक गर्न नसके निचोड मात्र भए पनि सार्वजनिक गर्छौं ।"

उनले प्रतिवेदनमा यथार्थ वस्तुस्थिति र सत्यतथ्य समावेश भएको विश्वास पनि व्यक्त गरिन् । साथै प्रधानमन्त्री कार्कीले आयोगका अध्यक्ष एवं सदस्यहरूले गर्नुभएको मेहनतको सराहना गरिन ।

**केही व्यक्तिलाई फौजदारी कारबाहीको सिफारिस**

यस्तै, २३ र २४ भदौको घटनाबारे जाँचबुझ गर्न गठन भएको आयोगले केही व्यक्तिहरूलाई फौजदारी कारबाहीको सिफारिस गरेको छ । परिस्थितीको यकिन नगरी बल प्रयोगमा भूमिका खेलेको आरोपमा आयोगले त्यतिबेला ओहोदामा रहेका केही व्यक्तिहरूलाई कारबाहीको सिफारिस गरेको, स्रोतले बतायो ।

जाँचबुझ आयोगसम्बद्ध स्रोतका अनुसार, तत्कालीन प्रहरी महानिर्देशक चन्द्रकुवेर खापुङ,

बाँकी तेश्रो पेजमा

# अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा तीन जना महिलालाई सम्मान

भञ्ज्याङ समाचारदाता/दमौली

११६औँ अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा तनहुँमा सम्मान तथा अन्तरक्रिया कार्यक्रम गरिएको छ । "गिभ र गेन" तथा "सबै महिलाका लागि अधिकार, न्याय र प्रभावकारी कार्यान्वयनमा पहुँच सुनिश्चित गरौँ" भन्ने सन्देशसहित उक्त कार्यक्रम गरिएको हो।

महिला मानव अधिकार रक्षक सञ्जाल तनहुँका अध्यक्ष कल्पना पौडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा महिला अधिकार, समानता र सामाजिक सशक्तीकरणका विषयमा अन्तरक्रिया गरिएको थियो । कार्यक्रममा सहभागीहरूले समाजमा महिलाको भूमिका, अधिकारको संरक्षण तथा न्यायमा पहुँचका विषयमा आ–आफ्ना धारणा राखेका थिए।

कार्यक्रममा तनहुँ जिल्ला अदालत बार इकाईका अध्यक्ष एवं लायन्स क्लब अफ तनहुँका अध्यक्ष अधिवक्ता सरिता भण्डारीले महिलाको अधिकार सुनिश्चित गर्न समाजका सबै क्षेत्रको सहकार्य आवश्यक रहेको बताइन्। उनले महिलाहरूले आफ्नो हक अधिकारका विषयमा सचेत हुँदै सामाजिक तथा आर्थिक क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने जोड दिइन् ।




सो अवसरमा समाजमा प्रेरणादायी कार्य गर्दै आएका तीन जना महिलालाई सम्मान गरिएको थियो। सामाजिक क्षेत्रमा सक्रिय भूमिका निभाउँदै आएकी भगवती श्रेष्ठ, आफ्नो हक अधिकारका लागि निरन्तर संघर्ष गर्दै अधिकार प्राप्त गर्न सफल पार्वती श्रेष्ठ तथा स्वावलम्बी बन्दै अटोचालकको रूपमा कार्यरत बृद्धिमाया मौरतीलाई सम्मान गरिएको हो । सम्मानित महिलाहरूले महिलाहरूका लागि प्रेरणादायी उदाहरण प्रस्तुत गरेको भन्दै आयोजकले सम्मान गरेका थिए।

सार्थक मिलन नेपाल तनहुँ, सेतो गुराँस बालबालिका सेवा तनहुँ,

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# लोकतन्त्रको अन्तिम शक्ति 'जनता'

नेपालको लोकतान्त्रिक यात्रामा भर्खरै सम्पन्न प्रतिनिधिसभा निर्वाचनले फेरि एकपटक महत्वपूर्ण सन्देश दिएको छ- लोकतन्त्रमा अन्तिम निर्णयकर्ता जनता नै हुन्। निर्वाचन परिणाम सार्वजनिक हुँदै जाँदा मतदाताले आफ्नो मतमार्फत देशको राजनीति कस्तो दिशामा अघि बढ्नुपर्छ भन्ने स्पष्ट संकेत दिएका छन्। यही सन्देशलाई नेपाली समाजमा प्रचलित उक्ति "जनता जनार्दन हुन्"ले सार्थक रूपमा व्यक्त गर्छ। लोकतन्त्रमा शक्ति, वैधता र अधिकारको मूल स्रोत जनता भएकाले जनताको निर्णयलाई सम्मान गर्नु राजनीतिक संस्कृतिको आधारभूत कर्तव्य हो। निर्वाचन परिणामलाई गहिराइमा हेर्दा मतदाताले पुराना राजनीतिक अभ्यासप्रति असन्तुष्टि व्यक्त गर्दै नयाँ विकल्पप्रति आकर्षण देखाएको संकेत पनि पाइन्छ। यसले नेपाली राजनीतिमा परिवर्तनप्रतिको जनअपेक्षा अझ तीव्र हुँदै गएको स्पष्ट देखाउँछ। लोकतन्त्रको सुन्दरता नै यही हो- जनताले समय-समयमा आफ्नो मतमार्फत नेतृत्व र राजनीतिक शक्तिहरूको मूल्याङ्कन गर्ने अवसर पाउँछन्। जनविश्वास जित्ने नेतृत्वलाई जनताले साथ दिन्छन्, तर अपेक्षा पूरा गर्न नसक्नेहरूलाई जनताले नयाँ विकल्प खोज्ने अधिकार पनि प्रयोग गर्छन्।

पछिल्लो समय देशको राजनीतिक परिवेशलाई प्रभावित पार्ने अर्को महत्वपूर्ण सन्दर्भ भनेको युवापुस्ताको सक्रियता हो। भ्रष्टाचार, बेथिति र राजनीतिक असन्तुष्टिका विरूद्ध युवाहरूले उठाएको आवाजले समाजमा नयाँ बहस सिर्जना गरेको छ। सामाजिक सञ्जालमार्फत संगठित हुँदै युवाहरूले देखाएको सक्रियता केवल विरोधको अभिव्यक्ति मात्र होइन, प्रणाली सुधारको स्पष्ट माग पनि हो। यसले युवापुस्ताले देशको भविष्यप्रति कति गम्भीरताका साथ चासो राख्छन् भन्ने तथ्य उजागर गरेको छ। युवाहरूको यस चेतनाले राजनीतिक दलहरूलाई आत्मसमीक्षा गर्न बाध्य बनाएको छ। अहिलेको पुस्ता पारदर्शिता, जवाफदेहिता र सुशासनप्रति अत्यन्त संवेदनशील छ। उनीहरु केवल नारामात्र होइन, परिणाममुखी शासन चाहन्छन्। त्यसैले राजनीतिक नेतृत्वले पुरानै शैली, पुरानै सोच र सीमित संरचनामा टिकिरहन सक्ने अवस्था अब छैन। समयसँगै बदलिँदो समाज, प्रविधिको प्रभाव र जनअपेक्षालाई बुझेर राजनीति पनि परिवर्तनशील बन्नैपर्छ।

विगतका अनुभवहरूले देखाएको छ कि नेपाली राजनीतिमा सुधारको अवसर पटक-पटक आएको छ। जनताले विभिन्न दल र नेतृत्वलाई समय-समयमा विश्वास व्यक्त गर्दै जिम्मेवारी सुम्पेका छन्। तर ती अवसरहरु सधैं प्रभावकारी रूपमा उपयोग हुन नसकेको भन्ने आलोचना पनि उठ्दै आएको छ। कतिपय अवस्थामा राजनीतिक दलभित्रको निर्णय प्रक्रिया सीमित व्यक्तिहरु वा समूहमा केन्[illegible]त भएको अनुभूति आम नागरिकले गरेका छन्। यस्तो प्रवृत्तिले पार्टीभित्रको लोकतान्त्रिक संस्कार कमजोर बनाउने मात्र होइन, कार्यकर्ताको मनोबल र जनविश्वास दुवैलाई कमजोर बनाउने खतरा रहन्छ। राजनीतिक दलभित्र अवसर वितरणको प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ। इमानदार, समर्पित र क्षमतावान कार्यकर्तालाई उचित अवसर दिन सकिएन भने संगठन दीर्घकालीन रूपमा कमजोर बन्न सक्छ। धेरै अवस्थामा संगठन विस्तार, जनसम्पर्क र प्रचार-प्रसारमा सक्रिय रहने कार्यकर्ताहरु निर्णय प्रक्रियाबाट टाढा राखिएको गुनासो सुनिन्छ। नातावाद, गुटवाद र पक्षपातको प्रभावले अवसर वितरण प्रभावित हुने अवस्था लोकतान्त्रिक अभ्यासका लागि स्वस्थ संकेत होइन।

यस्ता समस्याले केवल दलभित्र असन्तोष बढाउने मात्र होइन, आम नागरिकमा राजनीतिप्रतिको विश्वास पनि घटाउन सक्छ। लोकतन्त्रको स्थायित्वका लागि राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र सुदृढ हुनु अनिवार्य छ। नेतृत्व चयन, जिम्मेवारी बाँडफाँट र नीतिगत निर्णय प्रक्रियामा पारदर्शिता र समावेशिता सुनिश्चित गर्न सकिए मात्र दलहरु वास्तवमै जनतामुखी बन्न सक्छन्। यसबीच आफूलाई 'नयाँ' राजनीतिक शक्ति भनेर प्रस्तुत गर्ने दलहरूका लागि पनि चुनौती कम छैन। परिवर्तनको नारासँगै जनताको ठूलो अपेक्षा जोडिएको हुन्छ। तर देशको वर्तमान अवस्था हेर्दा शासन सञ्चालन सजिलो छैन। भ्रष्टाचार नियन्त्रण, आर्थिक सुधार, रोजगारी सिर्जना, विकासको गति तीव्र बनाउने जस्ता चुनौतीहरु कुनै पनि सरकारका लागि कठिन कार्य हुन्। राजनीतिक अस्थिरता, सीमित स्रोत र बढ्दो जनअपेक्षाका बीच सन्तुलित र प्रभावकारी शासन व्यवस्था स्थापना गर्नु सजिलो काम होइन। यद्यपि कठिनाइका बीच पनि जनताले दिएको म्यान्डेटले नेतृत्वलाई अवसर र जिम्मेवारी दुवै प्रदान गर्छ। पारदर्शी शासन, नीतिगत स्पष्टता र परिणाममुखी काममार्फत जनविश्वास कायम राख्न सकिए भने लोकतन्त्रप्रतिको भरोसा अझ सुदृढ हुन्छ। यदि जनअपेक्षा पूरा हुन सकेन भने लोकतान्त्रिक प्रणालीमा जनताले फेरि नयाँ विकल्प खोज्ने सम्भावना सधैं खुला रहन्छ।

आजको आवश्यकता राजनीतिक दलहरूबीच स्वस्थ प्रतिस्पर्धा र सहकार्य दुवैको हो। प्रतिस्पर्धाले नीति, योजना र नेतृत्वको गुणस्तर सुधार्न मद्दत गर्छ भने सहकार्यले राष्ट्रिय हितका विषयमा साझा सहमति निर्माण गर्न सहयोग पुर्‍याउँछ। लोकतन्त्र केवल चुनाव जित्ने प्रक्रिया मात्र होइन, दीर्घकालीन रूपमा देश र समाजलाई सही दिशामा अघि बढाउने जिम्मेवारी पनि हो । नेपालको लोकतान्त्रिक भविष्यलाई अझ मजबुत बनाउन युवापुस्ताको सहभागिता विस्तार गर्नु पनि अपरिहार्य छ। युवाहरूको नवीन सोच, प्रविधिको प्रयोग गर्ने क्षमता र पारदर्शिताप्रतिको आग्रहले शासन प्रणालीलाई आधुनिक र उत्तरदायी बनाउन सक्छ। अन्ततः लोकतन्त्रको आधार जनताको विश्वास हो। यो विश्वास कायम राख्न नेतृत्वले सत्तालाई अधिकारका रूपमा होइन, सेवाको माध्यमका रूपमा बुझ्नुपर्छ। जनताको आशा, अपेक्षा र भरोसालाई केन्द्रमा राखेर नीति निर्माण र कार्यान्वयन गर्न सकियो भने मात्र लोकतन्त्रको वास्तविक अर्थ पूरा हुन्छ। त्यसैले स्मरण गरौँ- लोकतन्त्रमा कुनै पनि शक्ति जनताभन्दा माथि हुँदैन। जनताले विश्वास गरे नेतृत्व बलियो हुन्छ, विश्वास गुमे नेतृत्व परिवर्तन हुन्छ। यही नै लोकतन्त्रको सुन्दरता र शक्ति हो। त्यसैले "जनता जनार्दन हुन्" भन्ने सत्यलाई कुनै पनि राजनीतिक शक्ति वा नेतृत्वले कहिल्यै बिर्सनु हुँदैन ।

# चुनावमा हारजित : सात पूर्वप्रधानमन्त्रीको हिसाब-किताब

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछिको १७ वर्षमा १५ वटा सरकार बन्यो, तर कुनै पनि सरकारले पूरा कार्यकाल काम गर्न पाएन । यस अवधिमा १३ वटा जननिर्वाचित र दुई वटा गैरराजनीतिक सरकार बन्यो । भदौ २३ र २४ गते जेनजी आन्दोलनका कारण नेपाली कांग्रेस र नेकपा एमाले गठबन्धन सरकार ढलेपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको अन्तरिम सरकारले फागुन २१ गते निर्वाचान सम्पन्न गरी जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने तयारीमा छ ।

यस निर्वाचनलाई परम्परागत र नयाँ वैकल्पिक राजनीतिक दलहरु बिचको जनमतसंग्रहको रूपमा हेरिएको छ । जेनजी आन्दोलपछि विशेष परिस्थितिमा हुन लागेको यस निर्वाचनलाई पूर्वप्रधानमन्त्री तथा एमालेका अध्यक्ष केपी शर्मा ओलीले 'देश बनाउने र भत्काउने बिचको संघर्ष'का




रूपमा व्याख्या गरेका छन् ।

जेनजी आन्दोलनको बेला प्रधानमन्त्री रहेका उनीमाथि नयाँ राजनीतिक दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले २३ जना जेनजी युवाको हत्या गरेको आरोप लगाउँदै आएको छ । एमाले, कांग्रेस लगायत दलहरूले रास्वपाका सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन शाहलाई देशमा विध्वंस मच्चाउन भूमिका खेलेको आरोप लगाएका छन् ।

हरेक दशक उथलपुथल हुँदै आएको नेपालको राजनीतिमा यस निर्वाचनले पुराना दल नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, मधेस केन्द्रित दलहरूलाई ठुलो झट्का लाग्न सक्ने चर्चा राजनीतिक वृत्तमा छ । यहाँ हामीले विभिन्न निर्वाचनमा तत्कालीन प्रधानमन्त्री-पूर्वप्रधानमन्त्रीले बेहोरेको हार-जितलाई केलाउने प्रयास गरेका छौँ ।

२०४८ सालको निर्वाचनमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई पराजित भएका थिए । २०४६ सालको राजनीतिक परिवर्तनपछि खुला राजनीतिमा आएका तत्कालीन एमालेका महासचिव मदन कुमार भण्डारीले तत्कालीन प्रधानमन्त्री भट्टराईलाई काठमाडौँ-१ मा पराजित गरेका थिए ।

२०६४ सालमा भएको संविधान सभा निर्वाचनमा कांग्रेस, एमाले लगायत दलहरूका वरिष्ठ नेताहरु नै पराजित भएका थिए । ठुलो उथलपुथलपछि अहिले हुन लागेको निर्वाचनमा पनि पुराना दलहरूका प्रभावशाली नेताहरु नै पराजित हुन सक्ने आकलन गरिएको छ ।

जेनजी आन्दोलनको अपनत्व लिँदै दोस्रोपटक निर्वाचनमा होमिएको रास्वपाको लहर अहिले देशैभरि चलेकाले परम्परागत दलहरु प्रतिरक्षामा देखिएका छन् । ०६२/०६३ को जनआन्दोलनपछि देशमा दुई पटक संविधान सभा, दुई पटक प्रतिनिधि सभा सदस्य निर्वाचन भइसकेको छ ।

त्यस यता केपी ओली चार पटक, प्रचण्ड तीन पटक, शेरबहादुर देउवा दुई पटक, माधव नेपाल, झलनाथ खनाल, डा. बाबुराम भट्टराई, खिलराज रेग्मी, सुशील कोइराला एक/एक पटक प्रधानमन्त्री बने। यस बिचमा भएको दुई वटा संविधान सभा निर्वाचन र दुई वटा प्रतिनिधिसभा निर्वाचनमा पूर्वप्रधानमन्त्रीहरूको हार-जितको श्रृंखला रोचक देखिन्छ ।

### पर्यटक उम्मेदवार प्रचण्ड

२०५२-२०६२ सम्म माओवादी सशस्त्र आन्दोलनको नेतृत्व गरेका प्रचण्ड २०६२ सालमा १२ बुँदे सम्झौता भएसँगै शान्तिपूर्ण राजनीतिमा आएका थिए । २०६४ सालको संविधान सभा निर्वाचनमार्फत पहिलो पटक संसदीय प्रतिस्पर्धामा उत्रिएका उनी त्यस यता एक निर्वाचन क्षेत्र बाहेक उम्मेदवारी दिएका हरेक ठाउँमा जित्दै आएका छन्। २०६४ सालमा काठमाडौँ-१० र रोल्पा-२ बाट प्रचण्डले भारी मतान्तरले निर्वाचन जिते ।

२०७० सालमा भएको दोस्रो संविधान सभा निर्वाचनमा काठमाडौँ-१० मा पराजित भएका उनी सिराहा-५ बाट विजयी भए। त्यतिबेला प्रचण्डले काठमाडौँ-१० मा १२ हजार ८५९ मत प्राप्त गरी तेस्रो स्थानमा चित्त बुझाएका थिए । कांग्रेसका राजेन्द्र कुमार केसीले २० हजार ३९२ मत ल्याएर विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी एमालेका सुरेन्द्र मानन्धरले १३ हजार ६१९ मत प्राप्त गरेका थिए ।

२०६४ सालमा सोही क्षेत्रबाट कांग्रेसका राजेन्द्र कुमार केसीलाई प्रचण्डले १२ हजारभन्दा बढी मतान्तरले पराजित गरेका थिए । ०७० मा काठमाडौँमा पराजित भए पनि प्रचण्ड सिराहा-५ बाट निर्वाचित भएका थिए। १५ हजार २४४ मत ल्याएर उनी निर्वाचित हुँदा निकटतम प्रतिस्पर्धी एमालेका लिलानाथ श्रेष्ठले १४ हजार २२३ मत प्राप्त गरेका थिए ।

२०७४ सालमा एमाले र माओवादी केन्द्रबिच वाम गठबन्धन बनेपछि प्रचण्ड चितवन-३ बाट उम्मेदवार भए । त्यतिबेला उनी ४८ हजार २७६ मत ल्याएर निर्वाचित भए । उनका निकटतम प्रतिस्पर्धी राप्रपाका विक्रम पाण्डेले ३८ हजार ९३५ मत प्राप्त गरेका थिए ।

२०७९ को निर्वाचनमा प्रचण्ड चितवन-३ छाडेर गोरखा-२ बाट उम्मेदवार भए । उनी २६ हजार १०९ मत ल्याएर निर्वाचित हुँदा निकटतम प्रतिस्पर्धी रास्वपाका कवीन्द्र बुर्लाकोटीले १२ हजार ६३९ मत प्राप्त गरेका थिए । अहिले गोरखा-२ छोडेर माओवादीको आधार इलाका रूकुम पूर्वबाट उम्मेदवारी दिएका छन् । नेकपा एकीकृत समाजवादी लगायत २६ वटा वाम घटक मिलाएर नेपाली कम्युनिस्ट पार्टी बनाएका प्रचण्डले निर्वाचनपछि आफ्नो पार्टी निर्णायक शक्ति बन्ने दाबी गर्दै आएका छन् । उनलाई योपटक कांग्रेसका कुशुमदेवी थापा, एमालेका लिलामणि गौतम र रास्वपाका लखन कुमार थापाले चुनौती दिएका छन् ।

पराजित भएर प्रधानमन्त्री बनेका माधव २०६४ सालको संविधान सभा निर्वाचनमा काठमाडौँ-२ र रौतहट-६ बाट पराजित भएका तत्कालीन एमालेका महासचिव माधव नेपालले मत परिणाम सार्वजनिक भएसँगै पदबाट राजीनामा दिएका थिए । अहिले रास्वपाको लहर चलेको जस्तै त्यतिबेला जताततै माओवादीको लहर थियो । ६०१ सदस्यीय संविधान सभा सदस्य निर्वाचनमा माओवादी २२९ सिट जितेर पहिलो दल बन्यो । एमालेले १०८ सिट जितेर तेस्रो दलमा चित्त बुझाउनु परेको थियो ।

प्रधानसेनापति रूक्माङ्गत कटुवाल प्रकरणमा प्रधानमन्त्री प्रचण्डले राजीनामा दिएपछि नेपाल २०६६ साल जेठ ११ गते प्रधानमन्त्री बने। त्यसअघि प्रचण्ड सरकारले नेपाललाई संवैधानिक समितिको सभापतिमा नियुक्त गरेको थियो । प्रचण्डले

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
आर्थिक लेनदेन गर्दा सावधानी अपनाउनु राम्रो हुनेछ। परिवारजनसँगको सम्बन्ध सुमधुर रहनेछ।

**वृष**
व्यापार-व्यवसायमा लाभको सम्भावना छ। साथीभाइ तथा आफन्तसँग भेटघाट हुने अवसर मिल्न सक्छ।

**मिथुन**
आज निर्णय गर्दा सोचविचार गर्न आवश्यक छ। कार्यक्षेत्रमा जिम्मेवारी बढ्न सक्छ। आर्थिक पक्ष सामान्य रहनेछ।

**कर्कट**
आजको दिन सकारात्मक र हने संकेत छ। नयाँ कामको सुरूवात गर्ने अवसर मिल्न सक्छ।

**सिंह**
कार्यक्षेत्रमा मेहनत बढी लाग्नेछ। अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुनेछ।

**कन्य**
व्यवसाय तथा पेशागत क्षेत्रमा प्रगतिको सम्भावना छ। नयाँ परिचयले भविष्यमा लाभ दिलाउन सक्छ।

**तुला**
आज धैर्य र संयम आवश्यक पर्ने दिन हो। काममा ढिलाइ हुन सक्छ तर अन्ततः परिणाम सकारात्मक हुन सक्छ।

**वृश्चिक**
नयाँ अवसर प्राप्त हुने सम्भावना छ। व्यापार तथा लगानीका क्षेत्रमा लाभको संकेत देखिन्छ।

कामममा धैर्य अपनाउनु आवश्यक छ। खर्च बढ्ने सम्भावना भएकाले आर्थिक व्यवस्थापनमा ध्यान दिनु राम्रो हुनेछ।

**मकर**
नयाँ अवसर प्राप्त हुने संकेत छ। सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ। आर्थिक पक्षमा सुधार को सम्भावना देखिन्छ।

**कुम्भ**
आजको दिन उपलब्धिमूलक रहने संकेत छ। लामो समयदेखि सोचिएका योजना अघि बढ्न सक्छन्।

**मीन**
नयाँ ज्ञान प्राप्त हुने सम्भावना छ। काममा प्रगति भए पनि धैर्य आवश्यक हुनेछ। यात्राको सम्भावना देखिन्छ।

# चुनावमा हारजित : सात .........

राजीनामा दिएपछि नेपाल आफू निकट एक सांसदलाई राजीनामा दिन लगाएर सांसद बनेका थिए। कांग्रेस र मधेसी दलहरुको समर्थनमा उनी प्रधानमन्त्री बने ।

२०७० सालमा नेपाल काठमाडौं–२ र रौतहट–१ बाट विजयी भए। रौतहट–१ बाट नेपाल ८ हजार ३६१ मत ल्याएर निर्वाचित भए । उनका निकटतम प्रतिस्पर्धी मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका अजय कुमार गुप्ताले ८ हजार २३ मत प्राप्त गरेका थिए । २०७४ सालको निर्वाचनमा नेपाल काठमाडौं–२ बाट निर्वाचित भए । नेपालले २७ हजार ३६६ मत प्राप्त गर्दा उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका दिपक प्रसाद कुइँकेलले १४ हजार ९०३ मत प्राप्त गरेका थिए ।

२०२९ सालमा नेपाल रौतहट–१ बाट ३३ हजार ५२२ मतसहित निर्वाचित भए । उनका निकटतम प्रतिस्पर्धी एमालेका अजय कुमार गुप्ताले २६ हजार ९२२ मत प्राप्त गरेका थिए । नेकपाका सहसंयोजक रहेका नेपाल यो पटक पनि सोही निर्वाचन क्षेत्रबाट उम्मेदवार बनेका छन् । तर २०६६ सालमा नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले पतञ्जली योग पीठको जग्गा हिनामिना गरेको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचारसम्बन्धी मुद्दा दायर गरेकाले उनी अप्ठ्यारोमा परेका छन् । उनी चुनाव जितेर आए पनि मुद्दा छिनोफानो नहुन्जेल संसदीय भूमिकामा रहन पाउने छैनन् । यसपटक नेपाललाई पुराना नेता अनिलकुमार झाले चुनौती दिएका छन्। झा नेपाली कांग्रेसबाट उम्मेदवार छन् । एमालेबाट पुरानै प्रतिस्पर्धी अजय गुप्ता, रास्वपाबाट राजेश कुमार चौधरी र जसपा नेपालका योगेन्द्र राय यादव प्रतिस्पर्धामा उत्रिएका छन् ।

**'रिङ आउट' भएका झलनाथ**

२०६५ सालमा बुटवलमा भएको एमालेको आठौं महाधिवेशनबाट अध्यक्षमा निर्वाचित भएका झलनाथ खनाल अहिले चुनावी प्रतिस्पर्धाबाट बाहिरिएका छन् । खनाल २०६७ माघ १३ गते प्रधानमन्त्री भएका थिए ।

२०६४ सालको निर्वाचनमा उनी इलाम–१ बाट निर्वाचित भए । २०७० सालमा इलाम–१ मा निर्वाचित भएका खनाल सर्लाही–१ मा पराजित भएका थिए । उनी इलाम–१ मा १७ हजार ३४२ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका हिमालय कर्माचार्यले १५ हजार ५२७ मत प्राप्त गरेका थिए।

सर्लाही–१ खनाल पराजित हुँदा माओवादीका शम्भुलाल श्रेष्ठ नौ हजार ४७६ मतसहित निर्वाचित भएका थिए। खनालले आठ हजार ७९१ मत प्राप्त गरेका थिए ।

२०७४ सालमा इलाम–१ बाट खनाल ३६ हजार ८०५ मत ल्याएर निर्वाचित भएका थिए । उनका निकटतम प्रतिस्पर्धी भुपेन्द्र कट्टेलले १९ हजार ६३८ मत प्राप्त गरेका थिए ।

२०७९ सालमा नेकपा एकीकृत समाजवादीबाट उम्मेदवार बनेका खनाल पराजित भए । एमालेका महेश बस्नेत २५ हजार ७५३ मत ल्याएर विजयी हुँदा खनालले २३ हजार ८९ मत प्राप्त गरे ।

**अघिल्लो पटक प्रचण्डलाई मैदान छाडेका बाबुराम योपटक आफैँ बाहिरिए**

२०६४, २०७० र २०७४ सालमा गोरखा–२ बाट लगातार निर्वाचित भएका पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले योपटक उम्मेदवारी फिर्ता लिएर प्रतिस्पर्धीलाई मैदान खाली गरे । माओवादी शान्ति प्रक्रियामा आएपछि पहिलो संविधान सभा निर्वाचनमा भट्टराई ४६ हजारभन्दा बढी मतसहित निर्वाचित भएका थिए ।

२०७० सालमा गोरखा–१ मा निर्वाचित उनी रूपन्देही–४ बाट पराजित भए । गोरखामा भट्टराई २२ हजार ८२४ मत ल्याएर निर्वाचित भएका थिए । उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका किरणबाबु श्रेष्ठले आठ हजार ९७१ मत प्राप्त गरेका थिए। रूपन्देही–४ मा एमालेका विष्णुप्रसाद पौडेल १९ हजार ५७७ मत ल्याएर निर्वाचित हुँदा उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका सूर्यप्रसाद प्रधानले १३ हजार ६३२ मत प्राप्त गरेका थिए भने भट्टराईले ११ हजार ९३४ मत प्राप्त गरी तेस्रो स्थानमा चित्त बुझाए ।

भट्टराई २०६८ साल भदौ १२ देखि २०६९ चैत १ सम्म प्रधानमन्त्री थिए। २०७४ सालमा गोरखा–२ बाट ३१ हजार ८०७ मत ल्याएर निर्वाचित भएका भट्टराईका निकटतम प्रतिस्पर्धी माओवादी केन्द्रका नारायणकाजी श्रेष्ठले २४ हजार ९३३ मत प्राप्त गरेका थिए।

२०७९ को निर्वाचनमा पूर्वप्रधानमन्त्री प्रचण्डलाई भट्टराईले आफ्नो निर्वाचन क्षेत्र छाडे । योपटक प्रगतिशील लोकतान्त्रिक पार्टीबाट उम्मेदवारी दिएका उनले अन्तिम समयमा उम्मेदवारी फिर्ता लिए। गोरखा–२ मा योपटक नेकपाबाट लेखनाथ न्यौपाने, कांग्रेसबाट प्रकाशचन्द्र दवाडी, रास्वपाबाट कवीन्द्र बुर्लाकोटी र एमालेबाट मिलन गुरूङ उम्मेदवार छन् ।

**संविधान निर्माताको छवि बनाएका सुशील**

२०६४ सालमा कांग्रेसका कार्यवाहक सभापति रहेका सुशील कोइराला बाँके–३ बाट पराजित भएका थिए । त्यतिबेला अन्तरिम सरकारका प्रधानमन्त्री रहेका सभापति गिरिजाप्रसाद कोइरालाले प्रत्यक्षमा चुनावै लडेनन् । पहिलो संविधान सभा निर्वाचनमा कांग्रेस र एमालेका प्रभावशाली नेताहरु नै निर्वाचनमा पराजित भएका थिए।

२०६६ साल चैत ७ गते गिरिजाप्रसादको निधन भएपछि २०६७ साल फागुनमा भएको कांग्रेसको १२औँ महाधिवेशनबाट सुशील सभापतिमा निर्वाचित भए। आफ्नै नेतृत्वमा २०७० सालको निर्वाचन गराएका उनी बाँके–३ र चितवन–४ बाट निर्वाचित भए । बाँके–३ मा १० हजार ७५३ मत ल्याएर कोइराला निर्वाचित हुँदा उनका निकटतम प्रतिस्पर्धी राप्रपा नेपालका धवलशमशेर राणाले आठ हजार ८०९ मत प्राप्त गरेका थिए। यता चितवन–४ मा सुशील कोइराला २० हजार ७६० मत ल्याएर निर्वाचित हुँदा उनका निकटतम प्रतिस्पर्धी माओवादीका चित्रबहादुर श्रेष्ठले १० हजार ७३९ मत प्राप्त गरे ।

निर्वाचनपछि एमालेको समर्थनमा सुशील कोइराला प्रधानमन्त्री बने। उनकै नेतृत्वमा संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको नयाँ संविधान जारी भयो । २०७२ साल असोज ३ गते संविधान बनेपछि असोज २५ गते कोइरालाले प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए । सोही वर्ष माघमा उनको निधन भएको थियो ।

**जेनजी आन्दोलनबाट सत्ताच्यूत ओली प्रधानमन्त्रीको दौडमा**

गत भदौमा भएको जेनजी आन्दोलनपछि सत्ता गुमाएका पूर्वप्रधानमन्त्री केपी ओली आठौं पटक चुनावी मैदानमा उत्रिएका छन् । २०४८ सालदेखि उनी निरन्तर झापा–५ बाट उठ्दै आएका छन् । ओलीले २०६४ सालको निर्वाचन बाहेक अन्य सबैमा जित हासिल गरेका छन् । चार पटक प्रधानमन्त्री बनेका उनलाई योपटक रास्वपाका वरिष्ठ नेता बालेन शाहले चुनौती दिएका छन् । मंसिरमा सम्पन्न एमालेको ११औँ महाधिवेशनबाट तेस्रो पटक अध्यक्षमा निर्वाचित भएका उनी चुनाव जितेर पाँचौं पटक प्रधानमन्त्री बन्ने दाउमा छन् ।

२०७० सालको निर्वाचनमा झापा–७ बाट ओली १९ हजार २८७ मत ल्याएर विजयी भएका थिए । उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका सुरेश कुमार योङ्याले ११ हजार ४१ मत प्राप्त गरेका थिए ।

२०७४ सालमा झापा–५ बाट ओली ५७ हजार १३९ मत ल्याएर निर्वाचित हुँदा उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका खगेन्द्र अधिकारीले २८ हजार २९७ मत प्राप्त गरे । २०७९ को निर्वाचनमा उनी ५२ हजार ३१९ मत ल्याएर निर्वाचित भए । ओलीका पुरानै प्रतिस्पर्धी अधिकारीले २३ हजार ७४३ मत प्राप्त गरेका थिए । योपटक कांग्रेसले मंधरा चिमरियालाई उम्मेदवार बनाएको छ । नेकपाले रञ्जित तामाङ र राप्रपाले लक्ष्मीप्रसाद संग्रौलालाई उठाएको छ ।

**अहिलेसम्म अपराजित रहेका देउवा यस पटक उम्मेदवार नै भएनन्**

जेनजी आन्दोलनको क्रममा निर्घात कुटाइ खाएका कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा योपटक चुनावी प्रतिस्पर्धामा छैनन्। २०४८ सालदेखि निरन्तर डडेलधुराबाट निर्वाचित हुँदै आएका उनी अन्तिमपटक चुनाव लड्ने तयारीमा थिए । तर पुसमा सम्पन्न कांग्रेसको विशेष महाधिवेशनले गगन थापालाई सभापतिमा निर्वाचित भएपछि देउवाले सभापति पदसमेत गुमाए । सभापति थापाले देउवालाई टिकट नै दिएनन् । फागुन २१ मा हुने निर्वाचन छल्नका लागि उनी बुधबार राति सिंगापुर पुगेका छन् । ०४८ साल यताका सबै संसदीय निर्वाचन जित्ने देउवा एक्ला राजनीतिज्ञ हुन् । देशको पाँच पटक प्रधानमन्त्री बनेका उनी २०८३ असारमा छैटौं पटक प्रधानमन्त्री बन्ने दाउमा थिए । तर भदौमा भएको जेनजी विद्रोहले कांग्रेस–एमाले गठबन्धन सरकार ढलेपछि उनले एकसाथ पार्टी र राजकीय सत्ता गुमाए ।

२०७४ को संसदीय निर्वाचनमा देउवा २८ हजार ४४६ मतसहित निर्वाचित भए । देउवाका निकटतम प्रतिद्वन्द्वी खगराज भट्टले २१ हजार ४९८ मत प्राप्त गरेका थिए । २०७९ को निर्वाचन उनी २५ हजार ५३४ मत ल्याएर विजयी भए । उनका निकटतम प्रतिस्पर्धी स्वतन्त्र उम्मेदवार सागर ढकालले १३ हजार ४२ मत प्राप्त गरेका थिए । रातोपाटीबाट


## स्वस्थ जीवनका लागि असल खानपानका उपायहरु :

- विभिन्न थरीका खाने कुराहरू हरेक दिन उपभोग गर्ने ।
- फलफुल र हरिया सागसब्जि हरेक दिन पर्याप्त मात्रामा उपभोग गर्ने।
- दाल र गेडा गुडी हरेक दिन उपभोग गर्ने ।
- माछा, मासु वा अण्डा नियमित रूपमा उपभोग गर्ने ।
- खाना पकाउँदा तेल वा घ्यू थोरै मात्रामा प्रयोग गर्ने ।
- खानपान सम्बन्धी अन्धविस्वास बाट सावधान रहने ।
- खानामा आयोडिनयुक्त नुन मात्र प्रयोग गर्ने, नुन कम मात्रामा उपभोग गर्ने
- गुलिया र चिल्ला खानेकुरा कम मात्रामा उपभोग गर्ने ।
- सँधै ताजा र सफा खाद्य वस्तु उपभोग गर्ने ।
- पर्याप्त मात्रामा शुद्ध पानी पिउने ।
- परम्परागत तथा स्थानीय स्तरमा पाईने पौष्टिक खाद्य वस्तु उपभोग गर्ने
- मदिराजन्य पेय पदार्थ सेवन नगर्ने ।
- शिशुलाई ६ महिनासम्म पूर्ण स्तनपान (आमाको दुध मात्र खुवाउने) गराउने
- शिशु ६ महिना पुरा भएपछि स्तनपानको साथसाथै थप तथा परक खाना खुवाउने
- गर्भवती र स्तनपान गराउने आमाले थप पोषिलो खाना खाने ।
- किशोर किशोरीहरूले खानपान सम्बन्धी स्वस्थ बानी बसाल्ने ।
- ज्येष्ठ नागरिकको खानपानमा विषेश ध्यान दिने ।
- अति प्रशोधित खाना (Junk Food)जस्तैः चाउचाउ, विस्कुट, कुरकुरे आदि उपभोग नगर्ने र बच्चाहरूलाई पनि नखुवाउने ।

यी उपायहरू नियमित रूपमा आफ्नो जीवनमा लागु गर्न सकेमा धैरै किसिमका रोग तथा संक्रमणहरूबाट जोगिन सकिन्छ । स्वस्थ रहन सकेमा आफुले गर्ने हरेक कार्य र योजना सफल पार्न सकिन्छ ।
त्यसैले सबैले यी उपायहरू आफ्ना दैनिक जीवनमा लागु गर्न उपयुक्त हुन्छ ।

**ऋषिङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
ऋषिङ, तनहुँ । गण्डकी प्रदेश



## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा


# 'महिलाको अर्थपूर्ण उपस्थितिका लागि शिक्षा, स्वास्थ्यमा लगानी बढाउनुपर्छ'

रासस/काठमाडौं

महिला अधिकारकर्मीहरूले महिला सशक्तिकरणका लागि राज्यले शिक्षा, स्वास्थ्य, सीप विकासका क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड दिएका छन्। ११६औं अन्तरराष्ट्रिय महिला दिवसका अवसरमा आज प्रधानमन्त्री कार्यालयमा आयोजित कार्यक्रममा सहभागीहरूले मुलुक निर्माणमा महिला सहभागिता अर्थपूर्ण बनाउन राज्यले अवसर सिर्जना गर्नुपर्नेमा जोड दिएका हुन् । कार्यक्रममा सहभागी महिला तथा मानव अधिकारकर्मीले महिला सशक्तिकरणका लागि आर्थिक, शैक्षिक, सामाजिक लगायत पक्षमा महिला सक्षम हुनुपर्ने भएकाले राज्य र सरोकार भएका निकायले शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा पर्याप्त लगानी वृद्धि गरी अवसर सिर्जना गर्नुपर्नेमा जोड दिएका हुन् । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले महिलाहरु अझै पनि अवसरबाट वञ्चित रहेका उदाहरण दिँदै चेतना र मानव जागरणका लागि सबैको सहकार्य र समन्वयमा अभियान सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँले कानुन निर्माण गरेर मात्रै समानता सुनिश्चित नहुने बताउँदै कार्यान्वयनको पक्षमा राज्यले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने धारणा राख्नुभयो ।

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले तुलनात्मक रुपमा महिलाको क्षमता र पहुँचमा विकास भए पनि हिंसा, असमानता र अमानवीय क्रुरताबाट अझै पीडित रहेको बताउनुभयो । महिला समानता शब्दमा मात्र सीमित नराखी नीतिमा स्पष्टता आवश्यक रहेकामा उहाँले जोड दिनुभयो । "समाजमा दुई महिनाकी बच्चीदेखि ८० वर्षकी आमासमेत सुरक्षित छैनन्", उहाँले भन्नुभयो, "महिला सशक्तिकरणका लागि राज्यले शिक्षा, स्वास्थ्य, सीप विकासका क्षेत्रमा लगानी बढाउनुपर्छ। प्रभावकारी कानुन निर्माण गरी कार्यान्वयन गर्नु, चेतनाकोस्तर वृद्धिका लागि अभियान पनि सँगसँगै सञ्चालन गर्नुपर्छ ।"

महिला अधिकारकर्मी चाँदनी जोशीका अनुसार घरमा महिलाले परिवार सम्हाल्नसक्नु भनेको मुलुकका लागि सहजनशक्ति निर्माण गर्न योगदान दिनु हो भन्नुभयो । "गृहणी भएर परिवारको जिम्मेवारी महिलाले उठाइदिँदा महिलाले राज्य निर्माण सहयोग गरिरहेका हुन्छन् । यसलाई संस्थागत मान्यता दिन जरूरी छ", उहाँले भन्नुभयो। उहाँले राज्यले महिलामाथि अपेक्षा गरेअनुसारको लगानी पनि गर्न आवश्यक रहेको बताउनुभयो।

# प्रधानमन्त्रीसमक्ष छानबिन .....

काठमाडौंका प्रमुख जिल्ला अधिकारी छवि रिजाल, उपत्यका प्रहरी कार्यालय, रानीपोखरीका एसएसपी दिपशम्सेर जबरा, जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख विश्व अधिकारी लगायतमाथि फौजदारी कारबाहीको सिफारिस गरेको हो ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरूङको भूमिकाबारे केही विश्लेषण गरे पनि आयोगसम्बद्ध स्रोतले उनीहरुमाथि के–कस्तो कारबाहीको सिफारिस भएको छ भन्नेबारे स्पष्ट उल्लेख गरेन ।

फौजदारी कारबाहीको सिफारिस कार्यान्वयन भएमा आयोगको प्रतिवेदनलाई जाहेरी मानेर प्रहरीले व्यक्ति हत्याको आरोपमा सम्बन्धित व्यक्तिहरुमाथि अनुसन्धान अघि बढाउँछ । त्यसक्रममा संलग्न भएका भनिएका व्यक्तिहरु पक्राउ पर्ने र उनीहरु विरूद्ध प्रमाण भेटिए मुद्दा चलाउने सिफारिस समेत हुनसक्छ ।

# अन्तर्राष्ट्रिय नारी ...........

गैसस महासंघ तनहुँ, महिला मानव अधिकार रक्षक तनहुँ, तनहुँ जिल्ला अदालत बार इकाई महिला केन्द्र, लायन्स क्लब अफ तनहुँ र लायन्स क्लब अफ तनहुँ सत्यवतीले संयुक्त रूपमा कार्यक्रम आयोजना गरेका थिए ।

कार्यक्रममा विभिन्न सामाजिक संघसंस्था, महिला अधिकारकर्मी, कानुन व्यवसायी तथा स्थानीय सरोकारवालाको उल्लेखनीय सहभागिता रहेको थियो । सेतो गुराँस बालबिकास सेवा तनहुँका अध्यक्ष शुसिला शर्मा, लायन्स क्लब आफ तनहुँ सत्यवतिका अध्यक्ष सीता बैद्य, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका प्रमुख दिपा खत्री लगायतले महिला सशक्तीकरण, समान अवसर र अधिकार प्राप्तिका महिला स्वयं अगडि बढि लड्नुपर्ने बताएका थिए ।


**विवाह वारी २० वर्ष पारी**
**सानै छु बढ्न देऊ, बाल विवाह हैन पढ्न देऊ**



**बालविवाह गर्नु गराउनु दण्डनीय अपराध हो**

हामी सबै मिली बालविवाह अन्त्य गरौं, सम्भ्य समाजको निर्माण गरौं ।

**घिरिङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पोखरीछाप, तनहुं । गण्डकी प्रदेश

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**ढोरबाराही मन्दिरमा भक्तजन** : तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित ढोरबाराही मन्दिरमा आइतबार बिहान दर्शन तथा पूजाअर्चनाका लागि पुगेका भक्तजनहरू । यहाँ तनहुँ तथा छिमेकी जिल्लाका भक्तजनहरू पूजाअर्चना तथा दर्शनका लागि आउने गर्दछन् । *तस्विर : भञ्ज्याङ*

# पुराना दलका पदाधिकारी को-को भए पराजित !

**भीष्मराज ओझा**/काठमाडौं

प्रतिनिधिसभा सदस्यको यही फागुन २१ गते सम्पन्न निर्वाचनको परिणाम आउने क्रम अन्तिम चरणमा छ । यस निर्वाचनमा प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० सिटका लागि मतदान भएको थियो । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपश्चात् गठित सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले तत्कालीन प्रतिनिधिसभा विघटन गरेसँगै यो निर्वाचन गरिएको हो ।

यस निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को पक्षमा मुलुकभर जनलहर देखिएको छ । रास्वपा काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख बालेन्द्र शाह (बालेन)लाई पार्टीको वरिष्ठ नेता र प्रधानमन्त्रीको उम्मेदवार बनाई निर्वाचनमा होमिएको थियो ।

त्यस्तै, संसदीय अभ्यासमा अनुभवी नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत दल र अधिकांश शीर्ष नेता भने यस निर्वाचनमा पराजित भएका छन् ।

निर्वाचन आयोगको पछिल्लो गणनाअनुसार रास्वपाको पक्षमा प्रत्यक्ष र समानुपातिकमा झन्डै दुई तिहाइ मत प्रकट भएको देखिन्छ। यो समाचार तयार पार्दासम्म प्रत्यक्षतर्फका १६५ निर्वाचन क्षेत्रमध्ये रास्वपाले ११९ क्षेत्रमा जित हासिल गरिसकेको छ। त्यस्तै, समानुपातिकतर्फ रास्वपाले २२ लाख ३९ हजार ८७० मत प्राप्त गरेको छ । यसैगरी, हालसम्म प्रत्यक्षतर्फ कांग्रेसले १७, एमालेले सात, नेकपाले सात र श्रम संस्कृति पार्टी तीन र राप्रपाले एक स्थानमा जित हासिल गरेका छन् ।

**शीर्ष नेताहरु को को पराजित भए !**

लामो संसदीय अभ्यास रहेको र अघिल्लो प्रतिनिधिसभा सदस्यमा सबैभन्दा ठूलो दल कांग्रेस यस निर्वाचनमा निकै पछि परेको छ । कांग्रेसका सभापति गगनकुमार थापा, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरे, सहमहमन्त्रीहरु फरमुल्लाह मन्सुर, उदयशम्शेर राणा, प्रकाश रसाइली स्नेही पराजित हुनुभएको छ । त्यस्तै, वरिष्ठ नेताहरु डा शेखर कोइराला, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, एनपी साउँद, महालक्ष्मी उपाध्याय 'डिना'लगायत नेताहरु पनि पराजित हुनुभएको छ ।

त्यसैगरी, एमालेका अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्षहरु गोकर्ण विष्ट, पृथ्वीसुब्बा गुरुङ, विष्णुप्रसाद पौडेल, महासचिव शंकर पोखरेल, उपमहासचिवहरु रघुवीर महासेठ, लेखराज भट्ट, सचिवहरु भानुभक्त ढकाल, शेरधन राई, महेश बस्नेत र डा राजन भट्टराई पराजित हुनुभएको छ । त्यस्तै, वरिष्ठ नेताहरु ईश्वर पोखरेल, देवराज घिमिरे, प्रदीपकुमार ज्ञवालीलगायत पनि पराजित हुनुभएको छ ।

नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल विजयी हुनुभयो । उहाँको दलका सहसंयोजक माधवकुमार नेपाल, वरिष्ठ नेताहरु नारायणकाजी श्रेष्ठ, भीम रावल, महिन्द्रराय यादव, राजेन्द्रप्रसाद पाण्डे, शक्ति बस्नेतलगायत नेताहरु पनि पराजित हुनुभएको छ ।

त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, वरिष्ठ नेता कमल थापालगायत पराजित हुनुभएको छ । विसं २०४८ देखि निरन्तर आफ्नो वर्चस्व कायम गर्दै आएको पार्टी नेपाल मजदुर किसान पार्टी पनि यस निर्वाचनमा संसदीय यात्राबाट बाहिरिने भएको छ । सो पार्टीका नेता प्रेम सुवाललगायत कुनै पनि उम्मेदवारले निर्वाचनमा सफलता हासिल गर्न सकेनन् ।

विसं २०६४ को मधेस आन्दोलनपछि उदाएका मधेसवादी दल र तिनका शीर्ष नेताहरु पनि यस निर्वाचनमा पराजित भएका छन् । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, जनमत पार्टीका अध्यक्ष सिके राउत, आम जनता पार्टीका अध्यक्ष प्रभु साहलगायत शीर्ष नेताहरु पनि यस निर्वाचनमा पराजित हुनुभएको छ । रासस

# गण्डकीमा एक क्षेत्रको नतिजा आउन बाँकी

**रासस**/गण्डकी

गण्डकी प्रदेशका कुल १८ प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रमध्ये १७ क्षेत्रको नतिजा सार्वजनिक भइसकेको छ । अब गोरखाका दुई क्षेत्रको परिणाम आउन बाँकी छ । गोरखा-१ मा मतगणना जारी छ। परिणाम सार्वजनिक भइसकेका १७ निर्वाचन क्षेत्रमध्ये १४ वटामा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार विजयी बनेका छन् भने दुई निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसका उम्मेदवार जितेका छन् । एउटा क्षेत्रमा स्वतन्त्र उम्मेदवार विजयी बन्नुभएको छ ।

कास्कीका तीनवटै निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी बनेका छन् । कास्की-१ मा ३९ हजार ८३३ मतसहित खड्कराज पौडेल, कास्की-२ मा ३१ हजार ९११ मत ल्याएर उत्तमप्रसाद पौडेल र कास्की-३ मा बिना गुरूङ ३७ हजार ७५० मतसहित विजयी बन्नुभएको हो । बागलुङका दुवै क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी बनेका छन् । बागलुङ-१ मा सुशील खड्का २० हजार ९२७ र बागलुङ-२ मा सोम शर्मा १२ हजार ६४७ मतसहित विजयी हुनुभएको छ ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार स्याङ्जाका दुवै क्षेत्रमा पनि रास्वपा उम्मेदवार विजयी बनेका छन् । स्याङ्जा-१ मा धनञ्जय रेग्मी र स्याङ्जा-२ मा झविलाल डुम्रे विजयी हुनुभएको छ । रेग्मीले २९ हजार ३१ र डुम्रेले २५ हजार ३३५४ मत प्राप्त गर्नुभयो । तनहुँका दुवै क्षेत्रमा रास्वपाका उम्मेदवारले जितेका छन् । तनहुँ-१ मा स्वर्णीम वाग्ले ३८ हजार ४० मतसहित विजयी हुनुभएको छ । तनहुँ-२ मा श्रीराम न्यौपाने ३२ हजार ६८७ मतसहित विजयी बन्नुभएको छ ।

गोरखा-२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार कबिन्द्र बुर्लाकोटी विजयी हुनुभएको छ । बुर्लाकोटीले २६ हजार ६६० मत प्राप्त गर्दै विजयी हुनुभएको निर्वाचन अधिकृत मोहनप्रसाद बेल्वासेले जानकारी दिनुभयो । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका प्रकाशचन्द्र दुवाडीले ११ हजार ७०० मत प्राप्त गर्नुभयो ।

यस्तै नवलपुरका दुवै क्षेत्रमा पनि रास्वपाका उम्मेदवार विजयी बनेका छन् । नवलपुर-१ मा राजन गौतम र नवलपुर-२ मा मनिष खनाल विजयी बन्नुभएको छ । गौतमले ५० हजार ९४५ र खनालले ४१ हजार ३४७ मत प्राप्त गर्नुभएको छ । लमजुङमा रास्वपाका उम्मेदवार धर्मराज केसी ३३ हजार ८९८ मतसहित विजयी बन्नुभएको छ । पवर्तमा रास्वपाकै सागर भुसाल २६ हजार ५६१ मतसहित विजयी बन्नुभएको छ ।

म्याग्दीमा स्वतन्त्र उम्मेदवार महावीर पुन विजयी बन्नुभएको छ । उहाँले २२ हजार ८५० मत प्राप्त गर्नुभएको छ । मुस्ताङमा नेपाली काँग्रेसका योगेश गौचन थकाली तीन हजार ३०७ मत ल्याएर विजयी बन्नुभएको छ । मनाङमा पनि नेपाली काँग्रेसकै टेकबहादुर गुरूङ विजयी बन्नुभएको छ । उहाँले दुई हजार ४१५ मत ल्याउनुभयो ।

# तनहुँमा छ हजार मत बदर

**भञ्ज्याङ समाचारदाता**/दमौली

प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत तनहुँमा छ हजारभन्दा बढी मत बदर भएको छ । तनहुँका दुवै निर्वाचन क्षेत्रमा गरी छ हजार २५२ मत बदर भएको हो । जिल्ला निर्वाचन कार्यालय तनहुँले सबै वडामा स्वयंसेवक परिचालन गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरे पनि मत बदर हुने क्रम नरोकिएको जनाएको छ ।

तनहुँ क्षेत्र नम्बर १ मा दुई हजार ७३० र क्षेत्र नम्बर २ मा तीन हजार ५२२ मत बदर भएको जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिए । क्षेत्र नम्बर १ अन्तर्गत एक लाख २६ हजार ८८२ मतदाता रहेकामा ६८ हजार १४९ मत खसेको थियो । त्यसमध्ये ६५ हजार ४१९ मत सदर भएको छ ।

क्षेत्र नम्बर २ अन्तर्गत ६६ हजार १०० मत खसेकामा ६२ हजार ५७९ मत सदर भएको छ। मतपत्रमा एकभन्दा बढी चिह्न लगाउने, गलत स्थानमा छाप लगाउने तथा खाली मतपत्र हाल्ने जस्ता कारणले मत बदर भएको लम्सालको भनाइ छ ।

## facebook twitter



**Dilnisani Magar**
facebook.com/dilnisani.magar

चुनावबारे मेरो तीन बुझाइ

१. नेताहरु गाउँ-गाउँमा गएर भोट मागिरहेका थिए। तर भोटलाई प्रभाव पार्न सक्ने निर्णायक शक्ति विदेशमा थियो। जापान, अष्ट्रेलिया, युरोप, युके, अरब, भारत लगायतका देशमा बस्ने लाखौँ नेपालीहरूले नेताहरु घरमा पुग्नु भन्दा अगाडि नै आफ्ना परिवारका सदस्यहरूलाई कन्भिन्स गरिसकेका थिए। त्यसकारण अब भोटको कोर एरिया नेपाल होइन, विदेशतिर सिफ्ट भएको छ। विदेशमै जन्मिएको, नेपालमा पाइला नै नटेकेको बच्चाले समेत "अबकी बार बालेन सरकार" भन्दै हिँडेको देखियो ।

२. बालेनले लामो भाषण नगरेर, मिडीयामा अन्तर्वार्ता नदिएर, आफूलाई एकपटक पनि भोट नमागेर देशभरि क्लिन स्वीप गरेका छन्। यसको मनोवैज्ञानिक कारण बुझ्दा केपी ओली धेरै बोलेर जनतालाई वाक्कदिक्क भएको थाहा पाएका बालेनले त्यसको ठीक विपरीत Silent Strategy अर्थात् चुपचाप काम गर्ने रणनीति ल्याएका रहेछन्। बालेनको नबोल्ने स्वभाव र "चुपचाप घण्टी छाप" भन्ने नाराले चुनाव जित्नु भन्दा अगाडी नै जनताको दिमाग जितिसकेको रहेछ।

३. बालेन मधेशी समुदायको भएपनि काठमाडौँको संस्कृतिमा हुर्किएकाले उनलाई यसपटक सिंगो देशले नै सजिलैसँग स्वीकार गर्‍यो । यो निर्वाचन हेर्दा संसदीय निर्वाचन भए पनि व्यवहारतः प्रत्यक्ष कार्यकारी राष्ट्रपतिको निर्वाचन हो । रास्वपालाई प्राप्त ७० प्रतिशत भन्दा धेरै भोट बालेनको नामको हो। अहिले १४ वर्ष उमेर पुगेका बच्चाहरु अर्को चुनावमा भोट हाल्न तयार भइसक्छन्। बालेनले देशको आर्थिक, सामाजिक र राजनीतिक परिस्थितिमा उलेख्य सुधार गरेर परिवर्तनको अनुभूति गराउन सके भने, रूसका नेता भ्लादिमिर पुटिनले जस्तो दशकौसम्म शासन गर्न सक्ने सम्भावना देखिन्छ ।

# ४५ वर्षमाथिका महिलाको मिनी म्याराथन, भादगाउँकी भगवती प्रथम

**भञ्ज्याङ समाचारदाता**/दमौली

११६औँ अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा तनहुँमा ४५ वर्षमाथिका महिलाहरूको मिनी म्याराथन दौड प्रतियोगिता गरिएको छ। व्यास नगरपालिका-१ स्थित विज्ञानचौर योग साधना केन्द्र, विज्ञानचौर टोल विकास संस्था र विज्ञानचौर आमा समूहको संयुक्त आयोजनामा आइतबार प्रतियोगिता गरिएको हो।

व्यास नगरपालिका-१ स्थित आदिकवि भानुभक्त क्याम्पस अगाडिबाट प्रसिद्ध धार्मिकस्थल छाब्दीबाराही मन्दिरसम्मको करिब ६ किलोमिटर दूरीको मिनी म्याराथनमा भादगाउँकी भगवती श्रेष्ठले ४३ मिनेट ५० सेकेन्डमा दूरी पार गर्दै प्रथम भएकी छन् । उक्त ४३ मिनेट ५८ सेकेन्डमा पार गर्दै बसन्ता थापा द्वितीय भएकी छन् भने कल्पना पाण्डेले ४४ मिनेट ४२ सेकेन्डमा दूरी पार गर्दै तृतीय हुन सफल भएको एथलेटिक्स राष्ट्रिय रेफ्री विश्वास केसीले जानकारी गराए ।

कार्यक्रमकमा ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय तथा राजयोग प्रशिक्षण केन्द्र दमौली शाखाकी प्रमुख ब्रह्माकुमारी यमुना पुनले विजेता धाविकाहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेकी थिइन् । प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः पाँच हजार ५५५, चार हजार ५५५ र तीन हजार ५५५ रूपैयाँ नगदसहित प्रमाणपत्र प्रदान गरिएको थियो।

त्यसैगरी शान्ति कुमारी आले चौथो र कविता रानाभाट पाँचौँ स्थान प्राप्त गरेकोमा क्रमशः एक हजार ५५५ र एक हजार ५५ रूपैयाँ नगदसहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

पतञ्जली योग समिति तनहुँका वरिष्ठ उपाध्यक्ष अर्जुनकुमार श्रेष्ठले योग साधनाबाट स्वास्थ्य सुदृढ बनाउन सकिन्छ भन्ने सकारात्मक सन्देश दिन प्रतियोगिता आयोजना गरिएको बताए । उनले जिल्लामै पहिलो पटक आयोजना गरिएको यस दौड प्रतियोगितामा योग साधना गर्ने महिलाहरूले मात्र सहभागिता जनाएको बताए ।




प्रतियोगितामा भगवती घिमिरे, मंगली श्रेष्ठ, भगवती श्रेष्ठ 'ख', सपना दवाडी र अम्बिका भट्टराईलाई सान्त्वना स्वरुप पाँच सय रूपैयाँका दरले नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो। विज्ञानचौर टोल विकास संस्थाका अध्यक्ष भरतराज पन्थको सभापतित्वमा आयोजित प्रतियोगितामा ४५ वर्षमाथिका ७० जना महिलाको सहभागिता रहेको थियो ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४